## मिरिक एसबीआई बिहान खोलियो

**मिरिक, १२सेप्टेम्बर।** मिरिकमा भारतीय स्टेट ब्याङकको शाखा कार्यालय केही समयको निम्ति बिहान खोलियो। ब्याङ्क सुत्र अनुसार आजदेखि ब्याङ्कमा कर्मचारी उपस्थित थिए। रिजनल ब्याङ्कले पनि आजदेखि सुचारु भएको निर्देश दिएपछि ब्याङ्क खोलिएको जानकारी दिएका छन् । तथापि लिङ्क फेल भएपछि कुनै काम भएन। केही छन खोलिएको ब्याङक त्यसै बन्द भएको थियो। ब्याङ्क परिसरमा सुरक्षा व्यवस्था कठोर बनाइएको थियो।

## त्रिपक्षीय वार्ताको प्रस्ताव टाऱ्यो...

मागहरूमा उल्लेखित दुइवटा माग पनि सामेल छन्, जसलाई ममता ब्यानर्जीले पूरा गर्ने आश्वासन दिएकी हुन्। मुख्यमन्त्रीले पहाड़मा राशिन व्यवस्था सुचारु गर्न राज्य सरकारले प्रयास गरिरहेको अनि चाँड़ै पहाड़का सबैतिर राशिन पुऱ्याइने कुरा जनाइन्। आन्दोलन गर्नु पहाड़का मानिसहरूको गणतान्त्रिक अधिकार रहेको कुरा जनाउँदै मुख्यमन्त्रीले भनिन्, सरकारको लक्ष्य र उद्देश्य पहाड़मा शान्ति र स्वाभाविक परिस्थिति फर्काउनु हो। आन्दोलन गर्नु मानिसहरूको गणतान्त्रिक अधिकार हो तर वार्ता पनि चलिरहनु पर्नेछ।

सहभागी दलहरूले मंगलवारको सर्वदलीय बैठकमा भएको कुराकानी सन्तोष व्यक्त गरेका छन्। पत्रकारहरूलाई सम्बोधन गर्दै विनय तामङले भनेअनुसार मोर्चाको तर्फबाट मुख्यमन्त्रीसमक्ष १७ सूत्री माग राखिएको छ, जसमा गोर्खाल्याण्ड मुद्दामा चाँड़ै त्रिपक्षीय वार्ता प्रमुख छ। मोर्चाको माग पत्रमा आन्दोलनकालमा पुलिस गोलीकाण्डमा मारिएका व्यक्तिका परिवार अनि घाइतेहरूलाई क्षतिपूर्ति दिने, घटनाको न्यायिक जाँच गराउने, आन्दोलनकालका पुराना र नयाँ सबै पुलिस केसहरू फिर्ता लिने, पहाड़मा हालै भएका विस्फोटका घटनाहरूको उच्चस्तरीय जाँच गराउने प्रमुख छ। चियाकमान र सिन्कोना कमानका श्रमिक र कर्मचारीहरूलाई गत तीन महीनाको हाजिरा र वेतन लगायत दशैंको बोनस दिने, पहाड़का सबै स्थनीय न्यूज च्यानलहरू खोल्ने, पहाड़का सरकारी, ठीका र जीटीए-का सबै कर्मचारीहरूको वेतन दशैं अगाड़ि नै दिनु पर्ने माग स्मारक-पत्रमा गरिएको छ। आन्दोलनले गर्दा कलेज र स्कूल भर्ना हुन नपाएका अनि रेजिस्ट्रेशन गर्न नपाएका विद्यार्थीहरूको निम्ति भर्ना र रेजिस्ट्रेशनको निम्ति विशेष व्यवस्था गर्ने जस्ता माग पनि मोर्चाको स्मारक-पत्रमा उल्लेख छ। गोजमुमोका चीफ कोअर्डिनेटर भनी विनय तामङद्वारा हस्ताक्षरित स्मारक-पत्रमा उल्लेख गरिएका मागहरूबारे विचार गर्ने अनुरोध मुख्यमन्त्रीसमक्ष गरिएको छ।

## केन्द्रले चाँड़े त्रिपक्षीय...

अनि समर्थकहरूलाई पक्राउ गर्ने काम गर्छ। उनले विशेष रूपमा केन्द्र सरकारले दार्जीलिङ पहाड़को आन्दोलनलाई लिएर शीघ्रातिशीघ्र त्रिपक्षीय वार्ता बोलाएर समाधानको बाटो निकाल्नुपर्छ।

### गोर्खाल्याण्डको मागमा जुलूस पथसभा निरन्तर

# जनताको जोश र जाँगर अझ मजबूत

**कालेबुङ, १२ सेप्टेम्बर:** पृथक राज्य गोर्खाल्याण्डको मागमा दार्जीलिङ पहाड़मा बन्द जुलूस अनि पथसभा भइरहेको ९१औं दिन पुग्न लाग्दा पनि जनता गोर्खाल्याण्डको मागमा जुलूस पथसभा निरन्तर रूपमा गरिरहेका छन्, जनताको जोश र जाँगर अझ मजबूत भएर गइरहेको छ। आज पनि जनता शहर बजार मात्र नभएर टाड़ा टाड़ा गाउँ बस्तीहरूबाट पैदल यात्रा गरी टन्टलापूर घाम पानी, भोक तीर्खा, बिमारी, घरेलु धेरै प्रकारको समस्याको पर्वाह नगरी गोर्खाल्याण्डको मागमा सड़कमा निस्किएर गोर्खाल्याण्डको मागमा व्यापक रूपमा गगनभेदी नारा लगाइरहेका छन्।



अनिश्चितकालिन पहाड बन्दले आज ९० दिन पुरा गऱ्यो। शहरमा दैनिक नारा, जुलूस र प्रदर्शन गर्ने क्रममा आज पनि मिरिकमा जुलूस जारी रह्यो। पथसभालाई सम्बोधन गर्दै मोर्चा केन्द्रीय समिति सदस्य अर्जुन राईले वार्तामा गोर्खाल्याण्डको विषयबाहेक अरु विषयमा कुरा नहुनुपर्ने बताए। बैठक त्रिपक्षिय हुनुपर्ने बताउँदै मोर्चाले नै राज्यको मागलाई पुरा गर्ने दाबी गरे। पथसभालाई युवा मोर्चा नेता अर्पण राईले पनि सम्बोधन गरे। आज वार्तामा गएका टोलीले डेढ करोड गोर्खाको सपना गोर्खाल्याण्डको मुद्दालाई उठाउनुपर्ने बताए। नेतृत्वले बाटो बिराउनु हुँदैन। कुनै निर्ष्कषमा नपुगी बन्द खोलिनु हुँदैन। सभालाई माकपा श्रमिक नेता किस्मत तामाङले पनि सम्बोधन गर्दै लक्ष्यमा नपुगी बन्द खोलाउनु हुँदैन भने। वार्तामा श्रमिकको बोनसको कुरा नगरून्। गोर्खाल्याण्डको कुरा गर्नुपर्दछ।

दार्जीलिङ पहाड़को सम्पूर्ण क्षेत्रहरूमा झैं कालेबुङमा आज ९१औं दिन पनि गोर्खाल्याण्डको मागमा नारा जुलूस अनि पथसभा सम्पन्न भयो जसमा कालेबुङ जिल्लाका विभिन्न क्षेत्रहरूका गोर्खाल्याण्ड प्रेमी जनता सहभागी बनेर गोर्खाल्याण्ड राज्य शीघ्र गठन गर्नुपर्ने माग गरे। जुलूसमा सहभागी स्त्री, पुरूष, युवा, पौड़, वृद्ध वृद्धा जनताले जनताको माग केवल अलग राज्य गोर्खाल्याण्ड रहेको दाबी गर्दै गोर्खाल्याण्ड बाहेक अन्य व्यवस्था नमान्ने प्रतिबद्धता प्रकट गरेका छन्। गोर्खाल्याण्डको मागमा आज देश भित्रका विभिन्न राज्यहरूमा रहेका अनि विदेशतिर छरिएर बसेका गोर्खा एक भएको छ। यही एकताले गोर्खाल्याण्ड बनाउने छ, भन्दै यो जनताको आन्दोलन हो। आज पनि कालेबुङ पूर्ण रूपमा अचल रहयो। बिमारी, मरौं र दूधका वाहनहरू फाटाकफुटुक चलेको देखियो। प्रशासनले हिजोदेखि खोलेको स्टेट ब्याङ्क आदि अचल बन्यो। उत्तर बंगाल परिवहन निगमको एउटा बस हिजो कालेबुङ प्रवेश गरेको थियो भने आज त्यो बस पनि बन्द भयो। हिजो कालेबुङ जिल्ला प्रशासनले केही व्यापारिक प्रतिष्ठान, केही शैक्षिक संस्थानका प्रमुख आदिलाई निम्ताएर बजार हाट, विद्यालय खोलाउने प्रयास गरे तापनि सभामा उपस्थित मानुभावहरूले प्रशासनलाई प्रश्न गरे, कति दिनसम्म पुलिसको बल र धम्काईमा खोलाउनु हुन्छ? हामी त यहीँ बस्नु छ, यहीँ मर्नु छ, हामीलाई क्षेत्रीय पार्टीसित मिलेर बस्नुपर्छ, यो आन्दोलन देशको संविधान भित्र रहेर गणतान्त्रिक गान्धीवादी ढङ्गमा चलिरहेको छ, हामी खोल्न सक्दैनौं यो आन्दोलन हामी सबैको हो भनी उनीहरूले जिल्लापालको मुखमा भोटे मूला खाँदी दिएको थाहा लाग्यो। कालेबुङ जिल्ला प्रशासनले आम जनताको सेवाका निम्ति गरेको बजार हाट, विद्यालय र ब्याङ्कहरू खोलिदिने अनुरोध गरिए तापनि ब्याङ्कहरू मात्र खोलियो तर ग्राहकहरू भने उपस्थित थिएनन्। उक्त सभामा निम्ताइएका आम मानिसहरू भन्दा बढ़ी कालेबुङ जिल्ला प्रशासनका अधिकारीहरूको मात्र उपस्थिति रहेको थाहा लाग्यो।

छुट्टै राज्य गोर्खाल्याण्डको मागमा डाकिएको अनिश्चिकालिन बन्दसँगसँगै थालिएको धारावाहिक जुलूस सधाझैं डम्बरचोकदेखि शुरू गरेर कालेबुङ शहरको विभिन्न मार्ग हुँदै जय गोर्खा, जय गोर्खाल्याण्ड, जय हिन्दको नारा लगाउँदै अन्तमा जुलूस पुन: डम्बरचोकमा आई पथसभामा परिणत भयो। यस समय पुलिसद्वारा पहाड़ भरी नै पक्राउ अभियान चलिरहेकोले नेतृत्वहरू धेर मात्रामा बाहिर ननिस्किए तापनि केही मात्र नेतृत्वहरूले पथसभालाई सम्बोधन गरेका थिए। मोती प्रसाद शर्माले सञ्चालन गर्दै उनको जनक्रान्ति कविताले पथसभालाई सम्हालेका थिए। आजको पथसभालाई गुजमुमो कालेबुङ जिल्ला सचिव सामुयल गुरूङ, गोजविमो केन्द्रिय समिति सदस्य बीर थापा आदिले सम्बोधन गर्दै ९१ दिन पुगेको अनिश्चितकालिन बन्द खेलाँची होइन, यो हाम्रो गणतन्त्र प्रदर्शन हो, यो गोर्खाको धर्ना, जुलूस प्रदर्शन हो, जन आन्दोलन पार्टीले चार दिनदेखि आफ्नै पाराले सभा राखेको छ, जन आन्दोलन पार्टी चैं पढ़ेको एक तर्फी अरे अनि मोर्चाले गरेको चैं अनपढ़ अरे, ठीकै हो हामी अनपढ़ नै हौं, उनीहरू सरकारको कुटनीतिमा भर पर्छन् हामी कुटनीतिमा छैनौं। हाम्रा आफ्नै दाजु भाई दिदी बहिनीलाई विभाजन गर्न खोज्दैछन् तर हामी विभाजन देखाउन चाहाँदैनौं। उता पनि सभा गराएर हामीलाई हराउन खोजेको हो, तर हामी हार्दैनौं राज्य सरकारलाई हराउनुपर्छ।

आज उत्तरकन्याको बैठकलाई लिएर जनतामा उत्सुकता थियो। राज्यको व्यवस्था भित्र अलग राज्यको कुरो पर्दैन, त्यो त केन्द्र सरकारको अधिकारमा पर्ने कुरो राज्यकी मुख्यमन्त्रीले गत २९ अगस्तको दिन सम्पन्न दुई पक्षीय वार्तामा बताइसके पछि हामी केन्द्रकै आशामा छौं सामुयल गुरूङले भने। सबैलाई थाहा भइरहेकै कुरा हो आज ९१ दिनदेखि पहाड़ अचल भएकोले जनतामा जुन समस्या आइपरेको छ परिस्थिति ठीक छैन, जनतालाई विभिन्न समस्याहरूले घेरीरहेको छ, विशेष गरी विद्यार्थीहरूको स्कूल खोल्नुपर्ने कुरोमा हामी पनि चाहन्छौं विद्यार्थीहरूलाई कुनै सास्ती नहोस भन्न। गणतान्त्रिक देश भारतमा हामी आन्दोलन गर्दैछौं। केन्द्र सरकारले गोर्खा जातिलाई दिएको वचन पूरा गर्ने समय आएको छ। केन्द्र सरकारले अब न्याय दिँदै गोर्खाल्याण्ड गठनको प्रक्रिया शुरू गर्नुपर्छ भने। वक्ताहरूले यहाँ गणतान्त्रिक आन्दोलनलाई हिंसात्मक बनाउने प्रयास नगरून् भन्दै राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी तृणमूल कंग्रेसको प्रमुख भएर होइन राज्यकी मुख्यमन्त्री भएर गोर्खाहरूको दीर्घकालिन माग पूरा गरिदिनुपर्छ भन्दै प्रस्तावित गोर्खाल्याण्डको भू-भाग बंगालको कहिल्यै नरहेको वक्ताहरूले दाबी गरे। पथसभामा दिपाशिखा, मदना ओझा आदिले क्रान्तिकारी कविता पाठ गरेर उपस्थित जनतालाई उत्साहित तुल्याएका थिए भने कविता जाति आन्दोलन भूमिमाथि रहेको थियो।

## छोरीलाई देह व्यापारमा सुम्पिएर पैसा कमाउने आमाको कहानी

प्रजाशक्ति समाचार:: रङ्गियाः: १२ सेप्टेम्बर:: आफ्नी आमाले पैसा कमाउनका लागि कसैको घरमा काम गर्न राखेको सुन्नु भएको छ होला, अथवा कुनै कम्पनीमा काम गर्न लगाएको पनि सुन्नु भएको होला। तर आफ्नी छोरीलाई आफ्नै आमाले देह व्यापारमा लगाएको कुरा पहिलो चोटि सुन्नु भएको होला। आमा-छोरीको सम्बन्धलाई कलङ्क पार्दै आफ्नी १४ वर्षीय छोरीलाई देह व्यापारीलाई सुम्पिएको घटना पहिलोपटन यही असममा घटेको छ। १४ वर्षे छोरीलाई प्रत्येक दिन धेरै पुरूषमाथि सुम्पिदिएकी छन्। नरक यन्त्रणामा ती बालख एउटा अञ्जान सहरमा छटपटाइरहेकी थिइन्। अन्त्यमा महाराष्ट्र पुलिसले रेड लाइट एरियाबाट असमकी १४ वर्षे यी किशोरीलाइ उद्धार गऱ्यो। मुम्बईको राजवाडाबाट हिन्दी सिनेमाको झैं मुम्बई पुलिसले अभियान चलेर ती किशोरीलाई उद्धार गरेको हो।

बीटीएडीको बाक्सा जिल्लाको दरङ्गा मेलाकी किशोरीलाई उद्धार गरेर महाराष्ट्र पुलिसको एउटा टीमले असम लिएर आए। प्राप्त जानकारी अनुसार, आमाको अनुमति लिएर किशोरीलाई प्राय एक सालअघि किशोरीकै सम्बन्धीय बढ़ीबाले गुवाहाटीको बोरझार विमानस्थलबाट विमानद्वारा मुम्बई लिएर गएका थिए। गुवाहाटीबाट आफ्नै आफन्तले मुम्बईमा लगेर किशोरीलाई अपरिचित मानिसको हातमा सुम्पिइदिएका थिए। ती मानिसहरूले किशोरीलाई एउटा अञ्जान ठाउँमा आबद्ध गरेर राखे। त्यसपछि उनीमाथि नयाँ नयाँ पुरूषहरूद्वारा दिनहुँ दैहिक सम्बन्ध गराउन वाध्य गराए। किशोरीलाई जबरजस्ति देह व्यापारमा संलग्न गराउनमा बढी आमा पूजा उर्फ रुणुले मुख्य भूमिका निभाएकी थिइ। यसको बद्लामा किशोरीकी आमालाई ठूलो रकमको धन पनि प्राप्त भएको थियो। यसैबीचमा प्राय १० दिनअघि मुम्बई पुलिसले एउटा फ्लेटमा एक्कासी अभियान चलाएर देह व्यापारको एउटा समूहको भण्डाफोर गरेको थियो। यस अभियानमा धेरैवटी युवती र देह व्यापारको सम्राज्य चलाउने रूणु उर्फ पूजालाई पनि पुलिसले गिरफ्तार गऱ्यो। युवतीहरूलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा बाक्सा जिल्लाको दरङ्गा मेलाकी किशोरीले आफ्नो समस्त कहानी पुलिसलाई अवगत गरिन्। मुम्बई पुलिसले उनको समस्त कहानी सुनेर छक्क पर्दै उनलाई असम लिएर आउने सिद्धान्त ग्रहण गऱ्यो। मुम्बई पुलिसलेले आइतबार किशोरीलाई रङ्गिया लिएर आएर उपस्थि भयो। देह व्यापारको सम्राज्य चलाएर असमकी युवती मुम्बई लाँदै सरदारको जीवन बिताएकी बीटीएडीको कुमारीकाटाकी रूणु उर्फ पूजालाई मुम्बई पुलिसले गिरफ्तार गरेर जेलमा पठाएको छ। पूजाका दुइवटा दामी गाडी र एउटा फ्लेट पनि मुम्बई पुलिसले जफ्त गरेको छ। असमकी किशोरीलाई रेड लाइट एरियाबाट उद्धार गरेको घटना महाराष्ट्रका धेरैवटा समाचार पत्रहरूमा पनि शीर्ष स्थान ओगटेको थियो।

## बमको झूटो अफवाहले शहरमा आतंक



**खरसाङ, १२सेप्टेम्बर।** आज अनिश्चितकालीन पहाड़ बन्दको ९०औं दिन खरसाङमा झूटो अफवाह फैलिएको कारण ठूलो खैलाबैला मच्चियो। प्राप्त जानकारी अनुसार खरसाङको यातायात पुलिस बुथ नजिक तथा हिलकार्ट रोडस्थित बाटा मोड़ छेवैमा अबेर राति केही अज्ञात मानिसहरूले दुइ-चारवटा प्याकेट बनाएर कथित वस्तु राखिदिएका थिए। उक्त वस्तु देखिएपछि बम रहेको झूटो अफवाह शहरभरि फैलियो। हेर्दा-हेर्दै उक्त कथित बमहरूलाई हेर्न मानिसहरूको भीड़ लाग्नथाल्यो। घटनालाई मध्यनजर गर्दै खरसाङ पुलिसले तत्कालै सुरक्षा बन्दोबस्त कठोर गऱ्यो। यसबीच खरसाङ पुलिसले सिलगढ़ीबाट बम स्क्वायडका अधिकारीहरूलाई पनि बोलायो। ती बम स्क्वायडका अधिकारी र अग्निशमन विभागका कर्मचारीहरूले यहाँका दुवै ठाउँबाट कथित वस्तुका प्याकेटहरू उद्धार गरे। आधिकारिक सूत्र मुताबिक उद्धार गरिएका दुवै वस्तुका प्याकेटहरूलाई शहरदेखि लगभग ४ किलोमीटर टाड़ा गौरीशंकर चिया बगानको खेल मैदानमा लगेर - जाँच गर्दा यातायात पुलिस बुथ नजिकबाट उद्धार गरिएको प्याकेटमा पुरानो टर्च र ब्याट्री फेला पऱ्यो भने बाटा मोड़ नजिकबाट उद्धार गरिएको प्याकेटमा हिसाब गरिएको कागजका टुक्राहरू फेला पऱ्यो। घटनाको सम्पूर्ण जाँचपछि पुलिसले आतंक फैलाउने उद्देश्यले कुनै असामाजिक तत्वहरूले यसप्रकारको काम गरेको हुनसक्ने आशंका व्यक्त गरेको छ।

अर्कोतिर, अलग राज्य गोर्खाल्याण्ड गठनको मागमा गोजमुमोद्वारा आह्वान गरिएको अनिश्चितकालीन पहाड़ बन्दको आज मंगलवार ९०औं दिनसम्म पनि यस क्षेत्रमा ऱ्याली आयोजन गर्ने क्रम जारी रह्यो। यहाँको टुरिष्ट लजबाट निकालिएको ऱ्याली शहर परिक्रमणपछि समापन गरियो। ऱ्यालीमा सहभागी गोर्खाल्याण्डप्रेमीहरूले गोर्खाल्याण्डको समर्थनमा चर्को नाराबाजी गरे। बितेका केही दिनदेखिको खरसाङमा ऱ्याली मात्र आयोजन हुँदै आइरहेको छ। अहिलेघरि यहाँ पथसभा, जनसभा आदिको आयोजना भएको छैन।

## विवादास्पद बयान र अनेकताले...

दिक्क भएका छन्। आन्दोलनको पाठ सिकाउने र छुट्टै राज्यको निम्ति अग्रसर गराउने नेताहरू नै अहिले आपसी मतभेद र दोषारोपनमा लागेपछि लक्ष्य टाढ़िँदैगइरहेको अनुभव पर्यवेक्षकहरूले गरेका छन्। नेतृत्वले जनताको भावनालाई बुझ्नुपर्ने हो। जनता केवल छुट्टै राज्यको पक्षमा छन्, तर केही नेताहरू आपसी मतभेद सृष्टि गरेर जनभावना र जनआकाङ्क्षादेखि भाग्न खोजिरहेको आभास भइरहेको पनि विश्लेषकहरू बताउँछन्। विमल गुरुङप्रति आज पनि जनताको आस्था र विश्वास छ, तर उनी बाध्यतावश अहिले जनताअघि आउन सकेका छैनन्। विमल गुरुङले गरेको सङ्घर्षलाई ध्यानमा राखेर जनताले आजसम्म साथ दिइरहेका छन्। विनय-विमलको मतभेदलाई लिएर कालेबुङ अहिलेसम्म मौन छ। कालेबुङका नेतृत्वको पक्षबाट कुनै आधिकारिक बयान अघि आएको छैन। कालेबुङ गोजमुमो एकतामा बस्ने कुरो जान्नमा आइरहेको छ। तथापि विश्वस्त सूत्रबाट प्राप्त जानकारीअनुसार एक-दुईजना नेताहरूसित विनय तामाङको बारम्बार सम्पर्क भइरहेको थाहा लागेको छ। आजको उत्तरकन्या बैठकपछि के कस्तो अवस्था अघि आउने हो त्यो अनिश्चित नै रहेको पर्यवेक्षकहरू बताउँछन्। उत्तरकन्या बैठकमा अनुपस्थित विमल-रोशनले के कस्ता रणनीति बनाएर आन्दोलनलाई अघि लान्छन् अनि जनतालाई समेट्न के कस्तो कार्ययोजना तयार पार्छन् त्यो पनि रहस्यको विषय बनेको छ। छुट्टै राज्यको लक्ष्यसम्म पुग्नको निम्ति यति कुराको नेताहरूले ध्यान दिन आवश्यक देखिएको छ त्यो के हो भने विवादास्पद भाषणबाजी गर्न तथा आपसी मतभेदलाई त्याग्न आवश्यक छ। जनआन्दोलनमा पनि ठिक्क प्रशासनसँग पनि ठिक्क भएर दुईमुखे नीति गर्ने प्रवृत्ति भएकाहरूसित समयमै होशियार भएर विमल-रोशन गिरीहरूले रणनीति तयार नपारे लक्ष्यप्राप्त गर्न धेरै असुविधा हुने स्पष्ट देखिएको छ।

## सिक्किमेलाई लागेको अप्रवासी...

अध्यक्ष बस्नेतले भने, 'सिक्किम संग्राम परिषदको सरकारले वर्ष १९८९-९१ मा ७३,४३१ जनालाई भारतीय नागरिकता प्रदान गरेको थियो। तर, पछि २०१३ मा राज्य सभाको कमिटी अन पिटिशनले उक्त ७३,४३१ जनालाई विदेशी बताउँदै रिपोर्ट जारी गरेको छ। यसै रिपोर्टको आधारमा एओएसएसले विदेशीको आरोप लगाउँदै आयकर छुटको माग गरिरहेको छ।' उनले अझ भने, 'यस विषयमा कमिटी अन पिटिशनले राज्य सरकारको मत बुझ्ने धेरै प्रयास गरेको थियो, तर राज्य सरकारले सहयोग नगर्दा उक्त कमिटीले ७३,४३१ जना विदेशी रहेको रिपोर्ट जारी गरेको हो।' उनले ७३,४३१ मा सिक्किमका भोटे, लाप्चे र नेपाली सबै सामेल रहेको र भण्डारीको सरकारमा सबैले पाँच रूपियाँ तिरेर फारम भरेको जानकारी गराए। उनले यो मुद्दा अझ गम्भीर रहेको बताउँदै यसमा पनि सोनाम वाङ्दीहरूकै हात रहेको ठोकुवा गरे। अर्कोतिर, राज्य सरकारले पनि यस्ता गम्भीर विषयहरूमाथि ध्यान नदिएर केवल धारा ३७१एफ सुरक्षाको रागमा अलापने काम गरिरहेको बस्नेतले आरोप लगाए। प्रदेश कांग्रेसले भोटको राजनीति कदापि गर्ने छैन भन्दै प्रदेश कांग्रेसले सदा सिक्किमेको अस्तित्वको निम्ति अवाज उठाइरहने बताए। आउँदो पंचायत चुनाउलाई लिएर गरिएको प्रश्नको जवाफमा अध्यक्ष बस्नेतले यदि पंचायत चुनाउ दलगत रूपमा हुन्छ भने पार्टीले भाग लिनेछैन भने। चुनाउमा भाग नलिए पनि पार्टीले स्वतन्त्र उम्मेदवारहरूलाई समर्थन जनाउने उनले बताए।

## कर्मापा अब चाँड़ै सिक्किम...

अनुमति दिनुपर्छ भन्ने आफ्नो प्रस्तावलाई अघि सार्नुपर्ने सुझाउ दिएका छन्। सत्ताधारी पार्टीका विधायक बी. बी. राईद्वारा कर्मापा उग्येन थिन्ले दोर्जीलाई रूम्तेक गुम्पा आउने अनुमति दिनुपर्छ भन्ने प्रस्ताव ल्याएको तर भर्खरै कर्मापालाई रूम्तेक गुम्पामा नभएर सिक्किम आउने अनुमति दिनुपर्छ भन्ने प्रस्तावलाई अघि सारेर विधायक बीबी राईद्वारा राखिएको सरकार बचाउको उक्त प्रस्तावलाई शीघ्र खारेज गरिनुपर्ने पनि जनाइएको छ। राज्य सरकारले कर्मापा उग्येन थिन्ले दोर्जीलाई रूम्तेक गुम्पामा आउने अनुमति दिनुपर्छ भन्ने विगत वर्षको अधिसूचनालाई खारेज गरी सिक्किम भ्रमणको प्रस्ताव ग्रहण गर्छ भने यसलाई सराहना गर्ने उनले बताएका छन्। वर्तमान अवस्थामा जब भारत सरकार नै कर्मापालाई रूम्तेक गुम्पा भ्रमण गर्ने अनुमति विरूद्ध छ रहेको बेला सिक्किम सरकारले १७औं कर्मापा उग्येन थिन्ले दोर्जीलाई रूम्तेक गुम्पामा कमिटीका अध्यक्षले स्वागत गर्नेछन् भन्ने किसिमको दफ्तर सिर्जना गर्नु भनेको राज्य सरकारको मूर्खता हो, उनले भनेका छन्। यस अवस्थामा सिक्किम सरकारले उल्लेखित प्रस्ताव तथा अधिसूचना रद्ध गरी कर्मापा आउने बाटो खुल्ला गर्नुपर्ने उनले माग गरेका छन्।

## पहाड़का चियाकमानहरू...

दिन-दिनै दयनीय बन्दै गइरहेको छ। तर अनिश्चितकालीन पहाड़ बन्द डाक्ने पार्टीका नेताहरूले त्यसबारे सोचेका छैनन्, हामी चाहन्छौं पहाड़का सबै चियाकमानहरू यसै सातादेखि खोलियोस्। श्रमिकहरू पनि चियाकमान तत्कालै खोल्ने पक्षमा रहेको दावी तिनले गरे। पहाड़ मुद्दामा उत्तरकन्या बैठकको परिणाम जे सुकै भए पनि पहाड़का चियाकमानहरू यसै सातादेखि खोल्नु पर्नेछ अनि श्रमिकहरूलाई दशैंको बोनस पनि दिनु पर्नेछ। गोर्खा जनमुक्ति मोर्चाका नरमपन्थी एकजना नेताले भनेअनुसार तिनीहरू चियाकमान यथाशीघ्र खोलियोस् भन्ने पक्षमा छन्। उत्तरकन्या बैठकपछि नै चियाकमान खोलाउनेबारे पहल गर्नेछौं, तिनले भने, हामी श्रमिकहरूलाई दशैंको बोनस दिलाउने प्रयास गर्नेछौं। चियाकमान श्रमिक संगठनका संयुक्त मञ्ज जोइण्ट फोरमका आह्वायक जियाउल आलमले भने, श्रमिकहरूको अवस्थालाई ध्यानमा राख्दै यथाशीघ्र पहाड़का चियाकमानहरू खोल्न पाइला चालियोस्। पहाड़मा चियाकमान मालिकहरूको संगठन दार्जीलिङ टी एसोसिएशनका सचिव सन्दीप मुखर्जीले भने, हामीले परिस्थितिबारे राज्यका केही मन्त्रीहरूसँग कुराकानी गऱ्यौं, पहाड़का चियाकमानहरूले खप्न परेको ठूलो क्षतिका कुराहरू बतायौं, चाँड़ै चियाकमान खोल्नपर्ने कुरा पनि जनायौं।

SPECIALIST DOCTORS
NOW AT JORETHANG

**Dr Tshering Dorjee Sherpa MS(ENT)**
SENIOR CONSULTANT ENT SURGEON from
NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI

**Dr Bhushan Sharma MS (ORTHO)**
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from
NIVEDITA HOSPITAL, SILIGURI

**Dr Dipendra Gurung, MD (DERMATOLOGY)**
SENIOR CONSULTANT SKIN SPECIALIST from
SUNRISE NURSING HOME, SILIGURI

AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788